# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, फागुन २४ गते २०२७ साल**

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

यस मन्त्रालय अन्तरगत टक्सार विभागका निर्देशक श्री तिर्थनाथ अधिकारी सह अन्वलाधीश पदमा सरुवा भई रिक्त हुनआएको उक्त पदमा अर्को व्यवस्था नभएसम्मको लागि निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही विभागका इन्जिनीयर श्री इश्वरी-मानलाई मिति ०२७।५।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–

हरिहरजंग थापा

श्री ५ को सरकारको विशेष सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

यस मन्त्रालयका उपसचिव श्री श्यामकुमार प्रधान संयुक्त अधिराज्यमा शुरू हुने इकोनोमिक डेभलपमेण्ट तालीममा भाग लिन जानुभएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि उक्त पदमा निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही मन्त्रालयका बडालेखापाल श्री भीमबहादुर अधिकारीलाई मिति २०२७।५।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको विशेष सचिव

मुद्रण विभाग, सिंहदरबार

८०८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।